## Online दरखास्त आवेदन फाराम भर्ने र परीक्षा दस्तुर बुझाउने सम्बन्धी सूचना

यस वित्तीय संस्थाद्वारा मिति २०७६/०९/१० गतेको कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित विज्ञापन नं. ०४/२०७६/०७७ देखिविज्ञापन नं. १३/२०७६/०७७ सम्म विभिन्न पदका लागि आह्वान गरिएको सूचना बमोजिम अनलाइन आवेदन दिने उम्मेदवारले देहाय अनुसार आवेदन भर्न यो सूचना प्रकाशित गरिएको छ । मिति २०७६/०९/१० गतेदेखि २०७६/१०/१० भित्रपरीक्षा दस्तुर सहित दरखास्त फाराम बुझाउन र सो अवधिभित्र दरखास्त फाराम र दस्तुर बुझाउन नसक्नेहरुले मिति २०७६|१०|१७ सम्म दोब्बर दस्तुर तिरी आवेदन दिन सक्नेछन् ।

**दरखास्त फाराम भर्दा ध्यान दिनु पर्ने कुराहरु :**

१. सर्बप्रथम Registration गर्नुहोस् | त्यसको लागि आफुले भर्ने विज्ञापन भएको ठाउँको Apply मा click गर्नुहोस् अथवा screen को top-right corner मा Registration मा click गर्नुहोस् ।

क) Password कम्तिमा ६ characters को हुनु पर्नेछ, जस मध्ये एउटा Capital letter र एउटा Number हुनु पर्नेछ ।

ख) Captcha राख्दा देखिए अनुरुप Capital र Small letter मा लेखी continue मा click गर्ने ।

२. यस पछि Login ID प्राप्त हुनेछ । एक भन्दा बढी विज्ञापनमा Apply गर्दा र प्रवेशपत्र लिँदा समेत यहि Login ID प्रयोग गर्नु पर्ने भएकोले सो Login ID र Password सुरक्षित राख्नु पर्नेछ ।

३. पुनः आफुले भर्ने विज्ञापन भएको ठाउँको Apply मा click गर्नुहोस् ।

४. यसपछि General तथा Document दुबै tab को fields मा भर्नु पर्ने विवरणहरु भरी Submit गर्नुहोस् । दरखास्तवालाको नाम र पारिवारिक विवरण देवनागरी (Bishall font) मा लेख्नु पर्ने छ । अन्य विवरण ENGLISH मा भर्नु पर्ने छ । फाराममा तोकिएका सम्पूर्ण विवरणहरु भरी सो साथ उम्मेदवारको हालै खिचिएको पासपोर्ट साईजको फोटो, दस्तखतको नमूना, नागरिकताको प्रमाणपत्र, दरखास्त दिने पदको लागि एस.एल.सी.वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र, ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्याल यबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, तालिम तथा कामको अनुभव सम्बन्धी प्रमाणपत्र र बहालवाला कर्मचारी भएमा दरखास्तसाथ विभागीय स्वीकृति समेत अनिवार्य रुपमा Scan गरी Upload गर्नु पर्नेछ ।

५. उपरोक्त प्रक्रिया पश्चात् बुझाउनु पर्ने परीक्षा दस्तुर र उल्लेख भएको Application Confirmation Slip प्राप्त हुनेछ । सो Application Confirmation Slip लाई आफ्नो portal मा login गरे पश्चात् Applied Vacancies tab मा गएर पनि download या print गर्न सकिनेछ ।

६. Online दरखास्त फारम Submit गरे पश्चात प्राप्त हुने Application Number अनुरुप बुझाउनु पर्ने परिक्षा दस्तुर eSewa वा Fone Pay मार्फत बुझाउनु पर्नेछ । तोकिए बमोजिमको रकम जम्मा नगरेको Online दरखास्त फारम रीतपूर्वक भएको मानिने छैन ।

७. eSewa वा Fone Pay मार्फत भुक्तानी गर्दा आफ्नो User Id र Password प्रयोग गरी पुन: Login अथवा View all vacancies मा Click गर्दा देखिने Payment Option हरु मध्ये आफुले प्रयोग गर्न चाहेको Option मा Click गरी भुक्तानी गर्न सकिनेछ ।

८. परीक्षा दस्तुर तथा attach गरेको documents यस वित्तीय संस्थाबाट verification गरिने भएकोले केहि समय लाग्नेछ ।

९. परीक्षा हुने मिति, समय र परीक्षाकेन्द्र सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ ।

१०. एक पटक submit भएको दरखास्त फाराम फेरी edit गर्न सकिने छैन । तोकिए बमोजिम परीक्षा दस्तुर जम्मा नगरेमा, झूठा विवरण पेस गरी online दरखास्त फाराम भरेमा वा विवरण अनुसार प्रमाणपत्र अपुग भएमा सो दरखास्त फाराम स्वतः रद्द हुनेछ |

११. दरखास्त Reject वा Accept भएको जानकारी SMS मार्फत् गराइनेछ । कारणबस Reject भएका दर्खास्तहरु दर्खास्त दिने अन्तिम दिन सम्ममा सोही login बाट आफैले सच्याउन सकिने छ ।

१२. अनलाइन दरखास्त आवेदन गर्दा कुनै द्विविधा भएमा यस वित्तीय संस्थाको फोन नं. ४१११९२३/९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।